annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १२४, पृष्ठ १० | काठमाडौं, मंगलबार १६ भदौ २०८३ | भाद्र कृष्णपक्ष चतुर्थी नेपाल संवत् ११४६ | TUESDAY, SEPTEMBER 1, 2026 | मूल्य : रु. १०

सरकार व्यस्त, पीडित विक्षिप्त

विनाशकारी बाढीका कारण सडक सञ्जाल छिन्नभिन्न भई उद्धार र राहत पहुँचबाहिर जाँदा नुवाकोट र रसुवाका बाढीपीडित आफन्तको लास वा सास कुरेर विक्षिप्त अवस्थामा बसिरहेका छन्। एकातिर सरकार उद्धारमा व्यस्त रहेको दाबी गरिरहेछ भने अर्कातिर ६ दिनदेखि बाटोघाटो ठप्प हुँदा पहिरो र बाढी क्षेत्रमा पुग्न नसकेर पीडित परिवार ब्यारेक र होल्डिङ सेन्टरका ढोकामा निराशा र रोदनबीच भौंतारिन बाध्य छन्।

सुरेन्द्र काफ्ले/देवचन्द्र भट्ट/केदार ढकाल | *ढुंगेबजार, नुवाकोट*

समाचार पृष्ठ ४

भुइँमा भेटिएन सरकार !

रोयल आचार्य
स्थलगत

महाविपत्ति आउँछ। त्यसलाई कसैले रोकेर रोक्न सक्ने कुरा हुँदैन। तर, विपत्ति आइसकेपछि राज्यले आफ्ना नागरिकलाई कति छिटो भेट्छ, कति छिटो उद्धार गर्छ, कति सुरक्षित राख्छ र कति संवेदनशील भएर उनीहरूको पीडा सुन्छ- त्यो भने राज्यको क्षमता र जिम्मेवारीको विषय हो।

२०७२ सालको महाभूकम्पदेखि २०८३ सालमा भोटेकोशीमा आएको बाढीसम्म आइपुग्दा देशले अनेकौं विपत्ति भोगिसकेको छ। सयौं नेपालीले ज्यान गुमाएका छन्, हजारौं घाइते भएका छन्। कतिपय विपत्तिमा राज्यका अंगहरूले प्रशंसनीय भूमिका खेलेका छन्। कतिपय अवस्थामा चाहेर पनि राज्यले धेरै गर्न सकेन। तर, कतिपय विपत्तिमा राज्य संयन्त्रकै अलमल, समन्वयको अभाव र निर्णय कार्यान्वयनको कमजोरीका कारण उद्धार र राहत प्रभावित भएको तीतो यथार्थ पनि हामीसँग छ।

अहिले परिस्थिति केही फरक छ। सरकार शक्तिशाली छ। एउटै पार्टीको बलियो सरकार भएकाले महत्त्वपूर्ण निर्णय गर्न अर्को दलको सहमति खोजिरहनुपर्ने बाध्यता छैन। त्यसैले भोटेकोशीमा बाढी आएलगत्तै सामाजिक सञ्जालमा आएका तस्बिर, भिडियो र समाचारहरू हेर्दा सरकारको खुलेर प्रशंसा गर्न मन लाग्ने अवस्था थियो। सरकार सक्रिय देखियो। मन्त्रीहरू घटनास्थल पुगे। सत्तारूढ सांसदहरू पनि घटनास्थलमा देखिए। हेलिकप्टरहरू उडिरहेका थिए। सुरक्षा निकाय परिचालित थिए। 'सरकार विपद्मा छ' भन्ने सन्देश गएको थियो। सरकारको सक्रियताको सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले खुलेर प्रशंसा गरे।

चितवनमा राखिएका शवहरू परिवारको जिम्मा नलगाई गाड्ने निर्णयको भने धेरैले विरोध गरे। त्यसबाहेकको उद्धार प्रभावकारी नै भएको होला, जीवित रहेकाहरूले समयमै उद्धार पाए होलान्, उद्धार भएर क्याम्पमा राखिएकाहरूको अवस्था पनि राम्रै होला भन्ने लागेको थियो।

तर, आइतबार बाढी प्रभावित क्षेत्र नुवाकोट पुगेपछि सामाजिक सञ्जालमा देखिएको सरकार र जमिनमा भेटिएको सरकारबीच ठूलो अन्तर रहेछ भन्ने महसुस भयो।

हेलिकप्टर थिए, तर आफन्त खोज्ने मान्छेहरू अलपत्र थिए

मसँगै फिनल्यान्डको सरकारी समाचार संस्थामा कार्यरत 'निको' नाम गरेका पत्रकार पनि थिए। काठमाडौंबाट टोखा-छहरे हुँदै हामी नुवाकोटको विदुर पुग्यौं। विदुरस्थित नेपाली सेनाको क्याम्पको खुला चौरमा आधा दर्जनजति हेलिकप्टर देखिए। हेलिकप्टर आउने-जाने क्रम पनि चलिरहेको थियो। तर, सेनाले लगाएको काँडेतारको छेउमा बसेर टोलाइरहेका मानिसहरूको अनुहारमा अर्कै कथा थियो।

» बाँकी पृष्ठ ८

सुनसान लाङटाङमा भोक र रोगको त्रास

ठाकुर बेलवासे | *नुवाकोट*

लाङटाङका बासिन्दाले जिल्ला सदरमुकाम पुग्नुभन्दा काठमाडौं पुग्नु सहज मान्छन्। स्याफ्रुबेँसीबाट दुई-तीन दिनको पैदल यात्रा गरेर पुगिने यो बस्तीका बासिन्दाको एकमात्र यातायात भनेकै हेलिकप्टर हो।

गोसाइँकुण्ड गाउँपालिका-४ मा अवस्थित लाङटाङमा १ सय १६ घरधुरी छन् भने जम्मा ५ सय जनसंख्या रहेको छ। नेपालको एक प्रमुख पर्यटकीय गन्तव्यका रूपमा चिनिएको लाङटाङमा यतिबेला पर्यटकका लागि बस्ने होटल नपाएर हैरान हुनुपर्थ्यो भने पर्यटन र होटल व्यवसायलाई मुख्य पेसा बनाएका यहाँका बासिन्दालाई यो समय पाहुनाको स्वागत गर्न भ्याइनभ्याइ हुनुपर्ने हो। तर, अहिले लाङटाङ सुनसान छ, शोकमा डुबेको छ।

गत भदौ १० गते भोटेकोशीमा आएको महाविनाशकारी बाढीले स्याफ्रुबेँसीदेखि लाङटाङ पुग्ने पदमार्गमा रहेका अधिकांश होटल, लजलगायत बस्ती सखाप पारिदियो। पैदलमार्गको नामोनिसान राखेन। ती बस्तीहरूमा लाङटाङवासीका नाता-सम्बन्धका मानिसहरू ठूलो संख्यामा थिए। बाढीमा को पऱ्यो र को जीवित छ, थाहा पाउनका लागि उनीहरूले अहिले काठमाडौंमा रहेका आफन्तलाई फोन गर्नुपर्ने बाध्यता छ।

स्थानीय देजेन डोल्मा भन्छिन्, 'लाङटाङदेखि स्याफ्रुबेँसीसम्म पैदलमार्गमा पर्ने बस्तीमा यहाँका मानिसको केही न केही नाता-सम्बन्ध छ। बाढीले सबै होटल, लज बगायो भन्छन्। हामीले गएर बुझ्नका लागि बाटो छैन। को के भयो भनेर बुझ्न यहाँबाट भन्दा काठमाडौंबाट सजिलो छ। काठमाडौंमा रहेका आफन्तहरू अहिले विदुर, नुवाकोटमा आइरहनुभएको छ र बुझिरहनुभएको छ। हामीले धेरै आफन्त गुमायौं जस्तो छ।' डोल्मा थप्छिन्, 'हिँडेर जान बाटो छैन। अहिले हामीले हेलीको कल्पना गर्न सक्दैनौं। बाढीबाट निधन भएका आफन्तको अन्तिम घेवा (किरिया) गर्न पनि पाएनौं।'

वडा अध्यक्ष डिन्डु लामा जाङवा तामाङका अनुसार सरकारले लाङटाङमा फसेका देशी-विदेशी पर्यटकको लगभग उद्धार गरिसकेको छ।

» बाँकी पृष्ठ ८

‘नेपालका मुद्दा अन्तर्राष्ट्रियकरण हुनुपर्छ’

शिवप्रसाद ढुंगाना | *काठमाडौं*

विश्वका ठूला औद्योगिक मुलुकहरूले उत्सर्जन गरेको धेरै कार्बनको प्रत्यक्ष र भयानक सजाय नेपालले आफ्ना हिमाल र नागरिकको ज्यान गुमाएर भोगिरहेको छ।

विश्वव्यापी तापमान वृद्धिमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा पनि कम छ, तर सोलुखुम्बुको थामेदेखि रसुवाको भोटेकोशीसम्म मानवसिर्जित त्रासदी लगातार दोहोरिइरहेको छ। 'विपद् आउँदा तुरुन्त काम लाग्ने आफ्नै स्याटेलाइट नहुनु र उपलब्ध प्रविधिलाई सही समयमा निर्णय लिन प्रयोग गर्न नसक्नु हाम्रो मुख्य कमजोरी हो,' बहुसंकट जोखिम मूल्यांकन विज्ञ डा. वसन्तराज अधिकारी भन्छन्, 'समस्या प्रविधि नपाउनुमा मात्र होइन, छिमेकी देशहरूसँग विपद्बारे तुरुन्तै सूचना साटासाट गर्ने साझा संयन्त्र नहुनुमा पनि छ।'

प्रविधिमाथिको यो परनिर्भरता र अरूले गरेको प्रदूषणको मूल्य ज्यान र पूर्वाधार गुमाएर चुकाउनुपर्ने यो दुश्चक्र रोक्न नेपालले आफूलाई 'जलवायु विपद्को पीडित'का रूपमा विश्वसामु प्रस्तुत गर्दै जलवायु न्यायको मुद्दा तत्काल अन्तर्राष्ट्रियकरण गर्नुपर्ने विज्ञहरूको भनाइ छ।

उत्सर्जन अरूको, विनाश नेपालीको नेपालका प्रमुख नदी प्रणालीमाथि रहेका दर्जनौं हिमताल फुट्ने जोखिममा छन्। इसिमोड र यूएनडीपीको अध्ययनअनुसार नेपाल, तिब्बत र भारतमा गरी ४७ वटा हिमताल सम्भावित खतरनाक सूचीमा छन्, जसमध्ये ४२ वटा कोशी बेसिनमै पर्छन्। अझ चिन्ताजनक कुरा भोटेकोशीमा विनाश निम्त्याउने ग्लेसियर त वैज्ञानिकहरूको सूचीमा नै परेन- हिमाल अध्ययनको दायराभन्दा छिटो गतिमा पग्लिरहेका छन्। भोटेकोशी विपद्का बेला उत्पत्तिस्थल र कारणबारे दुई छिमेकी मुलुकका निकायबीच फरक-फरक भनाइ आउनुले सीमापार सूचना आदानप्रदानमा कति ठूलो खाडल छ भन्ने प्रस्ट पार्छ।

» बाँकी पृष्ठ ८

‘जलवायु न्यायका लागि अन्नपूर्ण’ अभियान सुरु

अन्नपूर्ण मिडिया नेटवर्कले हिमताल विस्फोट, बाढी-पहिरोजस्ता विपद्ले ल्याउने समस्या अन्तर्राष्ट्रियकरण गर्न ‘जलवायु न्यायका लागि अन्नपूर्ण’ अभियान सुरु गरेको छ। रसुवाको भोटेकोशीको जलप्रलयले मानवीय र भौतिक क्षति बेहोरिरहेको बेला सञ्चारमाध्यमबाट यी विषयलाई प्राथमिकता साथ उठाउन सोमबारबाट यो अभियान सुरु भएको हो।

संयुक्त राष्ट्र संघीय एवं क्षेत्रीय मञ्चहरूमा सशक्त दबाब सिर्जना गर्न सञ्चारक्षेत्रबाट भूमिका निर्वाह गर्ने, त्यसका लागि सम्मेलन, डायलगसहितका कार्यक्रम गर्न लागिएको अन्नपूर्ण मिडियाका कार्यकारी निर्देशक लालबहादुर ऐरीले जानकारी दिए।

यसअघि पनि मुलुकको दिगो विकासका लागि जलवायुमैत्री हरित अभियान लगायतमा अन्नपूर्ण मिडियाले सन्देशमूलक काम सम्पन्न गरेको थियो।

विशेष सम्पादकीय

विश्वमाझ मागौं जलवायु न्याय

तीन वर्षअघि विश्वको सर्वोच्च शिखर सगरमाथा क्षेत्र पुगेका संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले हिमालयमा जलवायु संकट भयानक देखेपछि बोलेका थिए, विश्वको छतबाट चिच्याएर म भन्दैछु, यो पागलपन बन्द गर्नुहोस्। प्रकृतिविरुद्ध युद्ध अन्त्य गर्नुहोस्।'

हिमाली क्षेत्र खासगरी नेपालका हिमाल, पर्वत र हिमनदीहरूमा जलवायु परिवर्तनका कारण जोखिम देखेपछि विकसित राष्ट्रहरूको ध्यानाकर्षण गराउन उनले सांकेतिक ढंगले यस्तो अभिव्यक्ति दिएका थिए।

उनको चर्को अभिव्यक्तिले विश्वभर चर्चा पायो। नेपालमा भने उक्त संकट मोचन गर्नका लागि त्यो तहको प्रयास र परिणाम देखिएन। बरु त्यसयता पनि जलवायु परिवर्तनसँगै तापक्रमको उच्च वृद्धिले बर्सेनि अनेकन अनिष्ट भोगिरहनुपरेको छ।

रसुवाको भोटेकोशीमा भदौ १० गते बिहान हिमताल विस्फोटपछि भएको जलप्रलयले वास्तवमै गुटेरेसको अभिव्यक्तिलाई सम्झाएको छ। बुधबार बिहान भोटेकोशीको जलप्रलयले गरेको मानवीय र भौतिक क्षति साँच्चै शब्दमा व्यक्त गर्न नसकिने छ। स्याफ्रुबेँसी, टिमुरे, रसुवागढी भन्सार र बेत्रावतीजस्ता बस्तीहरू आँखै अगाडि बगेनन् मात्रै, त्यहाँ सयौं नागरिकको मृत्यु भयो। बागमती प्रदेशका रसुवा, नुवाकोट, धादिङ र चितवन गरी चार जिल्लामा भएको मानवीय र भौतिक क्षति भयावह छ। बजार बग्यो, बस्तीहरूसँगै घर बगे र घरसँगै मानिसहरू भोटेकोशीमा बिलिन भए। यो कुनै एक ठाउँको मात्र दुर्घटना होइन, सिंगो देशलाई रुवाउने भीमकाय विपद् हो।

अचानक सीमापारबाट आएको बाढीको कारण खोज्दा विज्ञहरूको ध्यान हिमतालतिर सोझिएको छ। तिब्बततर्फको हिमनदीमाथि गएको हिउँसहितको पहिरोबाट निस्किएको लेन्दे नदी हुँदै भोटेकोशीमा पसेको तथ्यहरूले देखाएका छन्। मूल रूपमा जलवायु परिवर्तनको कारण बढेको तापक्रमले नै हिमतालसहितको पहिरो निम्त्याएको देखिन्छ।

हिमाल तात्दै जाँदा हिउँ र हिमनदी छिटो पग्लिन्छन्, हिमतालहरू ठूला बन्दै जान्छन् र माथिको भिरालो जमिन पनि कमजोर हुँदै जाँदा हिमपहिरो जाने खतरा बढ्छ। यही अवस्थाले हिमताल र पहिरो एकसाथ मिसिएर यस्तो विनाशकारी बाढी जन्माएको विज्ञहरूको आकलन छ। हिमाली क्षेत्रमा विपद्को स्वरूप दिनप्रतिदिन जटिल बन्दै गइरहेको छ। र, भारी वर्षामात्र यसको एकमात्र कारण होइन। यसको सोझो अर्थ हो- जलवायु परिवर्तन अब टाढाको होइन, हाम्रो आँगनसम्म आइपुगेको प्रत्यक्ष खतरा हो।

नेपालले विगत ३० वर्षमा आफ्नो हिउँको झन्डै एकतिहाइ भाग गुमाइसकेको छ। पछिल्लो दशक हिमनदीहरू ६५ प्रतिशत गतिमा पग्लिरहेका छन्। जलवायु संकटको मुख्य कारण बनिरहेको कोइला, खनिज तेल जस्ता जीवाश्मा इन्धनको प्रयोगमा विकसित देशले कमी नल्याए खतरा टर्ने छैन।

औद्योगिक विकाससँगै अत्याधिक कार्बन उत्सर्जन, तीव्र सहरीकरण, पर्यावरणीय विनाश, पृथ्वीको सतहमा हुने तापमान वृद्धिलगायतले तीव्र जलवायु परिवर्तन भइरहेको छ। त्यसका प्रभाव र बाछिटाहरू प्रतिदिन बढ्दै गइरहेका छन्। नेपाल जस्तो कम विकसित देशमा यसको असरको क्षति तीव्र रूपमा देखिन थालेको छ। कार्बन उत्सर्जनमा अति कम भूमिका भएको हाम्रो जस्ताको मुलुकले सबैभन्दा बढी क्षति बेहोरिरहेको छ। अग्ला पहाड, हिमाल र जटिल भू-बनोटका कारण नेपाल उच्च जोखिममा छ। हिन्दकुश हिमालय क्षेत्रमा रहेका हिमताल र हिमनदीका कारण हामी उच्च जोखिममा छौं। अवस्था जटिल र जोखिमपूर्ण हुँदाहुँदै पनि जलवायु न्यायका दृष्टिले हामी अन्यायमा छौं। हाम्रो आवाज बलियो हुन सकेको छैन। अनुसन्धानमूलक तथ्य अभाव, अन्तर्राष्ट्रिय सम्मेलनहरूमा कमजोर प्रस्तुति तथा रणनीतिक योजना अभावमा हामी न्याय पाउनबाट चुकिरहेका छौं।

हाम्रा कमजोर पूर्वसूचना प्रणाली, जलवायु अनुकूलनका काम र सचेतनाको कमीले हामी बर्सेनि यस्ता पीडा बेहोरिरहेका छौं। सोलुखुम्बु थामेको होस् वा कास्की र मुस्ताङको पहिरो। हेलम्बु-मेलम्चीको दर्दनाक बाढी होस् वा डोल्पा, हुम्ला, मनाङको पहिरो। त्यस्तै, मधेसका विभिन्न भेगमा बाढीले ल्याउने वितण्डाको मार खेप्न हामी बाध्य भएका छौं। यसपटक भोटेकोशीको प्रलयकारी बाढी-पहिरोले सयौंको ज्यान लिइसकेको छ। हजारौं बेपत्ता र सम्पर्कविहीन छन्।

यसको सम्पूर्ण दोष प्रकृतिलाई मात्र थुपारेर राज्य, अन्तर्राष्ट्रिय निकाय मौन बस्न मिल्दैन। नेपालले अब विश्वमाझ जलवायु न्याय खोज्नुपर्छ। दबाब बढाउनुपर्छ। राष्ट्रसंघीय जलवायु सम्मेलन (कोप) र अन्य क्षेत्रीय मञ्चहरूमा आफ्ना अडान र प्रस्तुति तथ्य संगत राख्नुपर्छ। त्यस्ता कार्यक्रमलाई अब औपचारिकता पूरा गर्न, सरकारी र गैरसरकारी कर्मचारी घुम्ने पालो पुऱ्याउन जाने थलो बनाइनुहुन्न। छिमेकी पाकिस्तानले आफ्नो देशमा केही वर्षअघि आएको बाढीलाई कसरी विश्वको ध्यान खिचेर सफलता पायो भन्ने पाठ छँदैछ।

प्रधानमन्त्री वालेन्द्र शाहले सोमबार साँझ भोटेकोशी बाढीको वितण्डा जलवायु परिवर्तनका कारण भएकाले यसलाई अन्तर्राष्ट्रिय मञ्चमा उठाइने प्रतिवद्धता राख्नु सकारात्मक छ। त्यसको सफलताका लागि सिंगो राजनीतिक नेतृत्वले पहलकदमी गर्नुपर्छ। हानिनोक्सानी र जलवायु कोषबाट उचित रकम श्रुण वा सहायता माग्ने होइन, नेपालले पाउने हक हो भन्ने स्थापित गर्न आवाज उठाउनुपर्छ। मिडिया, नागरिक समाजले यो अभियानमा दवाव र साथ दुवै दिनुपर्छ।

बालकृष्ण बस्नेत
प्रधान सम्पादक